Vangmaya
Vol. 22, No. 1: 23-32, July-August 2024
Central Department of Nepali, Kirtipur DOI: https://doi.org/10.3126/vangmaya.v22i1.85312

# *पथेर* कथामा विचारधाराको प्रयुक्ति

चतुर्भुजलाल दास केवरत*

## लेखसार

*प्रस्तुत अनुसन्धानमूलक लेख श्याम साहको 'पथेर कथामा विचारधाराको प्रयुक्ति' शीर्षकमा केन्द्रित रहेको छ । पथेर कथामा मधेसको अभिजात वर्गका पात्रले त्यहाँका इटाभट्टामा काम गर्ने श्रमजीवी वर्गका पथेरमाथि गर्ने अन्याय, अत्याचार, आर्थिक शोषण र दोहनका सन्दर्भको चित्रण गरिएको छ । विचारधारा मूलतः मार्क्सवादी चिन्तनमा आधारित दर्शन हो । मार्क्सवादी विचारधारालाई समाजको वर्गीय स्वरूपसँग जोडेर अध्ययन गरिन्छ । विचारधाराअन्तर्गत शासक वर्गीय विचारधारालाई प्रभुत्वशाली विचारधाराका रूपमा र निम्न वर्गीय विचारधारालाई अधीनस्थ विचारधाराका रूपमा विश्लेषण गरिएको छ । पथेर कथाका बारेमा गरिएका पूर्वकार्यहरूको सूक्ष्म अध्ययन गर्दा समाजशास्त्रीय अध्ययनबाहेक अन्यसन्दर्भबाट अध्ययन नभएकाले यहाँ पथेर कथाको विचारधाराको प्रयुक्तिलाई आधार मानी अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय कार्यबाट प्राथमिक र द्वितीयक सामग्री सङ्कलन गरिएको छ । यस कथामा मधेसका शासक वर्गका इटाभट्टा मालिकहरूले स्थानीय मधेसी मजदुर र छिमेकी राष्ट्रबाट आएका मजदुरहरूलाई श्रममा लगाई समयमै ज्याला भुक्तानी नगर्ने सन्दर्भको मार्मिक प्रस्तुति छ । शासक वर्गले शासित वर्गका श्रमजीवीहरूलाई शोषण, दोहन गरेका विषयवस्तुको यथार्थपरक चित्रण गरिएको पाइन्छ ।*

**शब्दकुञ्जी** : अधीनस्थ, प्रभुत्व, प्रतिरोध, श्रमिक वर्ग, शासक वर्ग ।

## विषयपरिचय

प्रस्तुत अध्ययनमा *पथेर* कथा र विचारधारा गरी दुइटा अनुसन्धेय चरहरू रहेका छन् । यसको अनुसन्धेय क्षेत्र *पथेर* कथा रहेको छ । यस अध्ययनमा वर्गीय संरचनायुक्त समाजमा विद्यमान अभिजात वर्गका संवाद, गतिविधि आदिलाई प्रभुत्वशाली विचारधाराका रूपमा विश्लेषण गरिएको छ । त्यसैगरी सर्वहारा वर्गीय श्रमजीवीका विचारधारालाई अधीनस्थ विचारधाराका रूपमा व्याख्या गरिएको छ । यस अध्ययनमा मूलभूत रूपमा प्रभुत्वशाली विचारधारा र अधीनस्थ विचारधाराको प्रतिबिम्बनका बारेमा विमर्श गरी निष्कर्ष निकालिएको छ । *पथेर* कथामा विचारधाराको प्रयुक्ति नै यस अध्ययनको मुख्य समस्या हो र यही समस्याको प्राज्ञिक समाधान निकाल्नु प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ । विचारधारालाई अन्य दृष्टिकोणबाट पनि अध्ययन गर्न सकिने भए पनि प्रस्तुत अनुसन्धानमा मार्क्स र एङ्गेल्सका विचारधारा मात्रलाई सामग्री विश्लेषणको मुख्य आधार बनाइएको हो, यही नै यस अनुसन्धानको सीमा पनि हो ।

*पथेर* कथा श्याम साहको *पथेर* (२०७७) कथासङ्ग्रहमा सङ्गृहीत रहेको छ । यस कथामा धनी वर्गले गर्ने श्रमशोषण र आर्थिक शोषणका साथै श्रमजीवी वर्गका दमन, उत्पीडनको जीवन्त चित्रण गरिएको छ । प्रस्तुत कथामा

* केवरत पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

सिराहा जिल्लाको गोलबजार छेउछाउमा सञ्चालित इटाभट्टाका मालिकका अमानवीय व्यवहार, ज्यादती एवम् भट्टामा काम गर्ने श्रमिक वर्गका शोषणको वास्तविकता उजागर गरिएको छ। गोलबजारमा इटाभट्टा सञ्चालक विसनाथ बाबु इटाभट्टा सञ्चालक सङ्घको अध्यक्ष पदमा निर्वाचित भएको कथावस्तु छ। विवेच्य कथामा विसनाथ बाबुले राजिनामा दिएका सन्दर्भको मार्मिक प्रस्तुति छ। यस कथामा सिराहामा स्थानीय मुसहर समुदायका मानिसहरू सुरु सुरुमा त्यहाँका इटाभट्टामा मजदुरी गर्ने सन्दर्भको चित्रण गरिएको छ।

भारतबाट मुस्लिम समुदायका बंगाली मजदुरहरू गोलबजारका इटाभट्टामा काम गर्न आएपछि स्थानीय मुसहरहरू बेरोजगार भई भारतका पञ्जाब, दिल्लीतिर पलायन हुन थालेका विषयवस्तुको प्रस्तुति छ। नेपाल र भारत दुवैतिरका विपन्न वर्गीय मानिसहरू रोजगारीका खोजीमा आआफ्ना जन्मथलो छोड्न बाध्य भएका सन्दर्भलाई समाजशास्त्रीय दृष्टिकोणबाट हेर्न सकिन्छ। तिनका थातथलो पलायनका समस्या आर्थिक पछौटेपन र अभाव अनि बेरोजगारीसँग अन्तर्सम्बन्धित रहेको छ। यसको अन्तर्यमा चरम गरिबी र अभाव नै मुख्य कारक तत्त्वका रूपमा रहेको स्पष्ट छ।

*पथेर* कथामा धनी वर्गको इटाभट्टा मालिकले मान्छेका साटो स्काभेटरले माटो खन्न थालेपछि र मान्छेका साटो गधालाई भारी बोकाउन थालेपछि स्थानीय मुसहर मजदुरहरू बेरोजगारीका समस्या झेल्न बाध्य भएको तथ्यको प्रकटीकरण भएको छ। यस कथामा इटाभट्टा मालिकका अभिकर्ताका रूपमा कार्यरत मुन्सी र ठेकेदार नौसादका दलालीपनको जीवन्त प्रस्तुति छ। विवेच्य कथामा इटाभट्टामा काम गर्ने पथेर, पकिया, राविसम्यानका जोखिमपूर्ण तथा दयनीय अवस्थाको चित्रण गरिएको छ। राविसम्यानमध्ये एकजना दुर्घटनामा परी रगतपच्छे भई घाइते हुँदा पनि इटाभट्टा मालिकले उपचार नगराएको अमानवीय गतिविधिको पर्दाफास गरिएको छ। प्रस्तुत कथामा औषधि उपचार नपाई घाइते राविसम्यानको निधन हुँदा मुन्सीको सहयोगमा कब्रगाहमा गुपचुप गाडिएको कथ्यको चित्रण गरिएको छ।

पथेर निजाम र रुक्सानाका छोरा कासिमलाई निमोनिया रोगलाग्दा पनि तिनले पाउने ज्यालासमेत भुक्तानी नगरेको सन्दर्भले मालिकको स्वार्थी चरित्रलाई उजागर गर्दछ। आफ्ना सन्तान सिकिस्त विरामी भएको बेलासमेत आफ्नो पारिश्रमिक नपाएको निजाम आक्रोशित भएर आफूले बनाएर सुकाएका इटाको चाङमा पानी हालेर पुनः माटोकै थुप्रोमा परिणत गरिदिएको यथार्थ प्रस्तुति छ। यस कथामा इटाभट्टामा काम गर्ने आप्रवासी कामदारको श्रमशोषण, निरीहता र आक्रोश एवम् प्रतिरोधको प्रस्तुति छ। यसका साथै इटाभट्टा मालिकको लोभीपना, ठेकेदार एवम् मुन्सीको दलालीपनका साथै त्यहाँ कार्यरत मजदुरको सीमान्तीकृत अवस्थाको यथार्थ प्रस्तुति छ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धान साहित्यिक विषयमा आधारित भएकाले यो गुणात्मक अनुसन्धान हो। यस प्राज्ञिक अनुसन्धानका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ। सामाजिक यथार्थवादी कथाकार श्याम साहद्वारा लिखित *पथेर* कथालाई प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ। विचारधाराको सैद्धान्तिक अध्ययनका लागि कार्ल मार्क्सद्वारा प्रतिपादित विचारधाराको सिद्धान्त र *पथेर* कथाका बारेमा गरिएका समीक्षा, समालोचनालाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। विचारधाराको अवधारणालाई आधार बनाई विश्लेषण गरिएको प्रस्तुत प्राज्ञिक विमर्श निगमनात्मक विधिमा आधारित रहेको छ। *पथेर* कथालाई मूल पाठका रूपमा प्रयोग गरिएको छ। विवेच्य कथाको विमर्शका निम्ति पाठमा आधारित विश्लेषण विधिको प्रयोग गरी अर्थापन र सत्यापनका आधारमा यस अध्ययनको निष्कर्ष निकालिएको छ।

## सैद्धान्तिक पर्याधार

विचारधारा मूलतः कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सका दार्शनिक चिन्तनबाट प्रभावित रहेको छ। विचारधारा फ्रान्सेली दार्शनिक फायरबाखले धर्मको आलोचना गर्दै विकसित भएको भौतिकवादमा आधारित रहेको छ (बटमोर, सन् २००१, पृ. २४८)। मार्क्स र एङ्गेल्सले समाजका सबै गतिविधिलाई भौतिक उत्पादनसँग जोडेर हेरेका छन्। मान्छेका वास्तविक जीवनमा चेतना, विचारहरू, अवधारणाहरू प्रत्यक्ष रूपमा भौतिक गतिविधि र भौतिक अन्तरक्रियासँग अन्योन्याश्रित रूपमा जोडिएका हुन्छन्। मान्छेले कुनै विषयवस्तु आत्मसात् गर्ने, सोच्ने र मान्छेका व्यवहारहरू भौतिक गतिविधिका उपज हुन् (मार्क्स र एङगेल्स, सन् १९९८, पृ. ४२)। मार्क्स र एङ्गेल्सले मान्छेका चेतना, विचार, अवधारणालाई भौतिक क्रियाकलापका उपज मानेका छन्। उनीहरूले जर्मन विचारधारा (सन् १८४६)मा समाजको भौतिक अवस्थाको बारेमा विश्लेषण गरेका छन्। उनीहरूले समाजको वर्गीय संरचना र विश्वास प्रणालीलाई अधिरचना (सुपर स्ट्रक्चर) भनेका छन्। आर्थिक प्रणालीले विचारधारात्मक प्रणालीलाई परिवर्तन गर्छ भन्ने उनीहरूको अभिमत रहेको छ। मार्क्स र एङ्गेल्सले विचारधारालाई समाजका प्रभुत्वशाली समूहहरूले आफ्ना विचारहरू र सङ्घर्षहरूका माध्यमबाट स्थापित सत्तालाई भरणपोषण गर्ने र प्रवर्धन गर्ने उपकरण भनेका छन् (हेरिसन र बोइड, सन् २०१८, पृ. १३८–१३९)। समाजका प्रभुत्वशाली समूह एवम् वर्गले आर्थिक पक्षको प्रयोग गरेर सामाजिक संरचनामा आफ्नो वर्चस्व कायम गर्छन्। आर्थिक पक्षले वर्गीय संरचना निर्माणमा मुख्य भूमिका निर्वाह गरेको हुन्छ। वर्गीय संरचना विद्यमान रहेको समाजमा प्रभुत्वशाली विचारधारा अस्तित्वमा रहन्छ। मार्क्सले शासक वर्गसँग सम्बन्धित विचारधाराको अवलोकन तथा अध्ययन गरेका छन्। वर्गीय स्वरूप भएको सामाजिक संरचनामा शासक वर्गीय विचारधारा जब्बर भएर बसेको हुन्छ (बोयल, सन् २०१९, पृ. ६–७)। मार्क्सवादी विचारधारा निर्धारण गर्ने मूल आधार भनेको अर्थशास्त्र हो। उनले उत्पीडक वर्गमा मौजुदा आर्थिक पक्षले अरूलाई कसरी सीमान्तीकृत र किनारीकृत गर्दै लैजान्छ भन्ने विषयवस्तुमा जोड दिएका छन्। उत्पादनका साधनमा पकड भएको वर्ग वर्चस्वशाली हुन्छ र उसको विचारधारासमेत शक्तिशाली हुन्छ। उत्पादनका साधनमा पहुँच नभएको वर्ग अप्रभुत्वशाली हुन्छ। यस वर्गको विचारधारा कमजोर हुन्छ (एटम, २०७४, पृ. २१४)। विचारधारालाई निश्चित स्वरूप प्रदान गर्नमा सामाजिक संस्थाहरूले अहम् भूमिका निर्वाह गर्दछन्। सामाजिक संस्थाहरू नागरिकद्वारा निर्माण गरिएका हुन्छन् तर कहिलेकाहीँ ती संस्थाहरू नागरिकप्रति कठोर भइदिन्छन्। विचारधाराले वर्गीय संरचनालाई वैधता प्रदान गर्दछ (पियाकुल्चाइडेच, सन् २०२१, पृ. ३०)। विचारधाराले समाजमा शासक वर्गद्वारा प्रयुक्त विचारहरूको प्रणालीलाई इङ्गित गर्दछ जसले तिनका प्रभुत्वलाई जनाउँदछ। वर्गको विचारसँग निकटतम सम्बन्ध रहेको हुन्छ। प्रभुत्वशाली वर्ग आफ्नो शक्ति र वर्चस्वलाई विचारधाराको रूपमा आफ्नो मातहतमा लाद्न चाहन्छ (चाइल्ड र फोलर, सन् २००६, पृ. ११४)। प्रभुत्वशाली विचारधारालाई शासक वर्गले आफ्नो अनुकूल प्रयोग गर्छ। शासक वर्गीय विचारधारा प्रत्येक समयमा शासकीय विचारका रूपमा प्रयुक्त हुन्छ। शासकका रूपमा रहेको वर्ग समाजमा भौतिक शक्तिको रूपमा रहन्छ। यस्तो वर्गसँग उत्पादनका भौतिक साधनहरू हुनुका साथै तिनमा नियन्त्रण र विसर्जन गर्ने माध्यमका रूपमा हुन्छ। वर्गीय स्वरूप भएको समाजमा पहिलेदेखि नै श्रमविभाजनको संरचनासमेत हुन्छ। शासकवर्गसँग मानसिक र भौतिक श्रम हुन्छ, यस्तो समाजमा वर्गको एउटा पक्ष वर्गीय चिन्तकको रूपमा रहन्छ (मार्क्स र एङ्गेल्स, सन् २०००, पृ. ६)। विचारधारामा समाजमा रहेका शासक वर्गीय पात्रका गतिविधि तिनले शासित वर्गप्रति व्यवहार, शासन, शोषण, उत्पीडनका सन्दर्भलाई विश्लेषण गर्ने काम गर्दछ। शासक वर्गीय विचारहरू शक्तिशाली हुन्छन् भने शासित वर्गीय विचारहरू अधीनस्थ र कमजोर हुन्छन्। विचारधारामा सामाजिक तथा राजनीतिक अवस्था, धारणा र मान्यताहरूलाई समेटिएको हुन्छ। यसले मानिसमा रहेको विश्वास, परम्परा, आस्था

आदिको संवहन गरेको हुन्छ। सामाजिक निर्मिति विचारधारामा शक्तिसम्बन्धका हिसाबले प्रभुत्वशाली र अधीनस्थ समूह एवम् वर्गका व्याख्या गरिएको हुन्छ (ढकाल, २०७७, पृ. १५) । मार्क्सवादी विचारधाराअन्तर्गत आर्थिक पक्ष आधारलाई प्राथमिकता क्रममा राखेर वर्गीय असमानता र शक्तिसम्बन्ध एवम् तिनका व्यावहारका बारेमा अध्ययन गरिन्छ । मार्क्सवादी विचारधाराअन्तर्गत यिनै प्रसङ्गहरूलाई गहन विश्लेषण गरी प्राज्ञिक निष्कर्ष निकालिएको छ ।

## विमर्श र परिणाम

*पथेर* कथामा मधेसी समाजमा विद्यमान आर्थिक असमानता, वर्गीय संरचना र उक्त वर्गीय संरचनाले निर्माण गरेको सामाजिक, आर्थिक शोषणका सन्दर्भलाई चित्रण गरिएको छ। यस कथामा शासक वर्गका रूपमा रहेको अभिजात वर्गले गरेका आफ्ना इटाभट्टामा काम गर्ने स्थानीय र विदेशी मजदुरका आर्थिक शोषणका सन्दर्भ अभिव्यञ्जित छन् । सामाजिक विमर्शात्मक संरचनामा शासक वर्ग प्रभुत्वशाली भएकाले समाज, प्रशासनलगायत सबै ठाउँमा सोही वर्गको प्रभुत्व कायम रहेको सन्दर्भलाई यस कथामा देखाइएको छ। अभिजात वर्गका इटाभट्टामा काम गर्ने श्रमजीवी शासित वर्गमा पर्ने भएकाले तिनका विचारधारा अधीनस्थ रहेको पुष्टि भएको छ। श्रमजीवी वर्ग आदेशपालकका रूपमा काम गर्न बाध्य र विवश हुन्छ, सोही व्यवहारलाई अधीनस्थ विचारधाराका रूपमा विश्लेषण गरिएको छ ।

### वर्चस्वशाली विचारधारा

सामाजिक संरचनामा अभिजात वर्गसँग उत्पादनका साधनस्रोत हुन्छन् । आर्थिक हिसाबले यो वर्ग सम्पन्न हुन्छ । सामाजिक विमर्शात्मक संरचनामा अन्य पक्षमाथि यही वर्गले नियन्त्रण गरेको हुन्छ । यस वर्गलाई शासक वर्ग पनि भन्ने गरिन्छ । यही वर्गको विचारधारा प्रभुत्वशाली हुन्छ । यस वर्गले आफ्नो मातहतका निम्न मध्यम वर्ग, निम्न वर्ग र सर्वहारा वर्गमाथि शासन कायम गरेको हुन्छ। विवेच्य *पथेर* कथामा इटाभट्टाका सञ्चालक विसनाथ बाबुलाई अभिजात वर्गका रूपमा चित्रण गरिएको छ। ऊ आर्थिक हिसाबले सम्पन्न हुनुका साथै आधार पक्षमा समेत उसको पकड भएकाले उसले आफ्ना अधीनका श्रमजीवी वर्गमाथि आफ्नो प्रभुत्वशाली विचारको प्रयोग गरेको सन्दर्भ कथामा यसरी प्रस्तुत गरिएको छ :

> गोलबजारको राजनीतिमा यसको ठूलो भूमिका थियो र छ। यसको शक्ति कतिसम्म थियो भने गोलबजार व्यापार सङ्घको अध्यक्ष हुँदाहुँदै विसनाथ बाबु गोलबजार भट्टा सङ्घको अध्यक्ष आफै भएका थिए र आफ्नो भाइ शिवनाथ अध्यक्ष हुने अवस्था आएपछि मात्र उनले राजिनामा दिएका थिए। (साह, २०७७, पृ. १७०)

उपर्युक्त साक्ष्यमा विसनाथ बाबु अभिजात वर्गको पात्र भएकाले उसले आफ्नो सारा सामर्थ्य प्रयोग गरेर गोलबजारको व्यापार सङ्घ हुँदै गोलबजार इटाभट्टा सङ्घको लामो समयसम्म निर्णायक पदमा आसिन रहन सफल भएको हो। उसले लामो समयसम्म एकछत्र शासन गरेपछि आफ्नो भाइ गोलबजार इँटाभट्टा सङ्घमा अध्यक्ष पदमा छानिएपछि मात्र उक्त पद छाडेको हो । शासक वर्गसँग शक्ति हुन्छ र सोही शक्तिको प्रयोग गरेर उसले समाजमा आफ्नो वर्चस्वशाली भूमिका निर्वाह गरेको हुन्छ। शासक वर्गसँग शासकीय विचार हुन्छ (onlinekhabar.com/2021/04/94421)। अभिजात वर्गका विसनाथ बाबुले प्रभुत्वशाली विचारको प्रयोग गरेर लामो समयसम्म व्यापार सङ्घ र इटाभट्टामा निर्बाध रूपमा एकलौटी शासन गरेको हो भन्ने पुष्टि हुन्छ ।

*पथेर* कथामा अभिजात वर्गको विसनाथ बाबुको इटाभट्टामा उसको सहयोगी र विश्वास पात्रका रूपमा काम गर्ने ठेकेदार पनि अभिकर्ताका रूपमा शक्तिशाली भूमिकामा कार्यरत रहेको देखिन्छ । विसनाथ शक्तिशाली भएकाले उसको ठेकेदारले पनि आफूलाई मालिकझैँ शक्तिशाली ठानेर आफ्ना मातहतका श्रमिक वर्गप्रति आर्थिक शोषण गरेको कथामा यसरी प्रस्तुत गरिएको छ :

> एउटा ठेकेदारले चारदेखि पाँचवटा भट्टाको ठेक्का लिएका हुन्थ्यो । ठेकेदारहरूले पूरै गाउँ नै ल्याउँथे तर सबैलाई एकै ठाउँमा राख्दैनथे । एकै परिवारलाई पनि सधैँ एकै ठाउँमा बस्न दिँदैनथे प्रत्येक वर्ष भट्टाहरू परिवर्तन गराइरहन्थे । यसको मुख्य कारण नै प्रत्येक वर्ष ती परिवारहरू आफैले मालिकहरूसँग सिधै सम्पर्क स्थापित नगरुन् भन्ने हो । (पृ. १७१)

उपर्युक्त साक्ष्यमा ठेकेदारको चलाकीपूर्ण व्यवहार र धूर्त्याइँको बारेमा उजागर गरिएको छ । ठेकेदार आफू र आफ्नो ठेकेदारीको कामलाई सुरक्षित राख्नका लागि बाहिरबाट ल्याइएका मजदुरलाई एकताबद्ध हुन नदिई फरक फरक भट्टामा काम लगाउन थालेको स्पष्ट छ । ठेकेदारले एउटै गाउँबाट मजदुरहरू ल्याए पनि तिनीहरू एकापसमा सङ्गठित भई आफ्ना आवाज बुलन्द गर्न नसकून् भनी मजदुरलाई फरक फरक भट्टामा काममा लगाउने गरेको तथ्य अभिव्यञ्जित छ । त्यतिमात्र नभएर ती मजदुरहरू लामो समयसम्म एउटै इँटाभट्टामा काम गर्दा पनि तिनले आफ्ना हक, हित र अधिकारका लागि गोलबद्ध भई सङ्गठन खोल्न सक्ने खतरा रहेकाले तिनलाई वर्षेनी फरक फरक इँटाभट्टामा भट्टासार गरिएको वास्तविकता प्रकट भएको छ । ठेकेदारको अनुकम्पाबाट इँटाभट्टामा रोजगारी पाएका मजदुरहरूले तिनको आदेशलाई अक्षरशः पालन गर्दै फरक फरक इँटाभट्टामा काम गर्न जाने तथ्य उजागर भएको छ । इँटाभट्टामा काम गर्ने मजदुरहरूले ठेकेदारलाई आफ्ना आश्रयदाता ठानेर तिनको विरोध नगरेका हुन् भन्ने यथार्थ अभिव्यञ्जित छ । यसरी प्रस्तुत साक्ष्यमा मालिकसँग निकटतम सम्बन्ध कायम गरेर पाँच पाँचवटा इँटाभट्टाको ठेकेदारी पाएका ठेकेदार स्वयम् आफूलाई वर्चस्वशाली मानेर मालिकको खुसी र फाइदाका लागि मालिकको विचारलाई परिपालना गरेको पुष्टि हुन्छ । यस सन्दर्भमा ठेकेदारले वर्चस्वशाली विचारको काम गरेको हो भन्न सकिन्छ ।

*पथेर* कथामा इँटाभट्टा मालिकले आफ्नो फाइदाका लागि काम गरेको विषयवस्तुलाई कथाकार साहले चित्रण गरेका छन् । धनी वर्ग जहिले पनि केवल आफ्नो हित मात्रको बारेमा सोच्तछ । यस विषयवस्तुलाई कथामा यसरी चित्रण गरिएको छ, “जेसिभीको प्रयोग हुन थालेपछि भने माटो खन्ने काम एकै पटक हुन थाल्यो । घन्टाको हिसाबले काम गर्ने भएकाले एउटा इँटाभट्टामा चाहिनेजति माटो उनीहरूले एकै पटकमा खनेर जान्थे” (पृ. १७५) । यस साक्ष्यमा समाजमा अभिजात वर्गले जहिले पनि आफ्नो आर्थिक लाभ मात्रलाई ध्यानमा राखेर काम गर्दछ भन्ने तथ्यलाई प्रस्ट्याइएको छ । इँटा बनाउनका लागि धेरैजना मजदुरहरूले काम गरिरहेका स्थानमा भट्टामालिकले केवल आफ्नो स्वार्थ पूर्ति गर्न र कम समयमा बढीभन्दा बढी आय आर्जन गर्नका निम्ति आधुनिक जेसिभी यन्त्रको प्रयोग गरेको तथ्य प्रस्ट छ । इँटाभट्टा मालिकलाई श्रमजीवी वर्गका रोजगारी, तिनका बालबच्चा परिवारभन्दा पनि आफ्नो पुँजी वृद्धि नै महत्त्वपूर्ण हुन्छ । यस सन्दर्भमा मालिकले आफ्नो शक्तिशाली विचारको आडमा जेसिभीको प्रयोग गरी मजदुरका रोजगारी धरापमा पार्न अघिसरेको हो भन्न सकिन्छ । विचारधारा केवल संस्कार, संस्कृतिमा मात्र देखा नपरेर मान्छेका व्यवहार तथा क्रियाकलापका माध्यमबाटसमेत अभिव्यक्त हुन्छ । प्रस्तुत साक्ष्यमा इँटाभट्टा मालिकले जेसिभी किनेर माटो खन्न लगाएको र धेरैजना मजदुरलाई तिनका कामबाट विस्थापन गरेको सन्दर्भले उसको वर्चस्वशाली विचारलाई इङ्गित गरेको छ ।

*पथेर* कथामा इँटाभट्टा मालिक शिवनाथको शक्तिशाली व्यवहार देखाइएको छ । यस कथामा इँटाभट्टामा काम गर्ने राविसम्यानमध्ये तीनजना गोल भत्किएर त्यसैभित्र च्यापिएको दर्दनाक कहानी छ । तीमध्ये एकजना राविसम्यान त रगताम्मे भएर ढलेको विषयवस्तुलाई कारुणिक तवरले चित्रण गरिएको छ । उक्त घाइते राविसम्यानलाई हेड कोलम्यानले अस्पताल लैजान एम्बुलेन्स मगाइदिन भन्दा मालिक शिवनाथले दिएको जवाफमा मालिक्याइँको अहङ्कार यसरी अभिव्यक्त भएको छ, "बापके एम्बुलेन्स हौ ? बोलाले (बाउको एम्बुलेन्स हो ? बोलाई हाल) शिवनाथले त्यस बुढो मान्छेलाई आँखा तर्दै भन्यो" (पृ. १८२) । यस साक्ष्यमा इँटाभट्टा मालिक शिवनाथको रवाफपूर्ण अभिव्यक्ति प्रस्ट देखिन्छ । शिवनाथले आफ्ना इँटाभट्टामा काम गर्ने घाइते राविसम्यानको उपचारका निम्ति तत्काल एम्बुलेन्स बोलाएर अस्पताल पुऱ्याउनुपर्ने हो । तर उसले त्यसो नगरेर आफ्नो धनबलकै आडमा झन् उल्टै हेड कोलम्यानलाई हप्काउँदै तथानाम गाली गरेबाट मालिकको प्रभुत्वशाली विचार अभिव्यञ्जित भएको छ । *पथेर* कथामा एकातिर मालिकको धनको तुजुक प्रकट भएको छ भने अर्कोतिर मजदुरको कहरको कारुणिक पक्षको उद्घाटन गरिएको छ (भट्टराई, २०७९, पृ. ७२) । प्रस्तुत साक्ष्यमा इँटाभट्टा मालिक शिवनाथको अमानवीय र अनुदार व्यवहार उजागर भएको छ ।

विवेच्य कथामा इँटाभट्टा मालिक शिवनाथको स्वार्थी व्यवहारलाई उदाङ्गो पारिएको छ । उसले आफ्नो आर्थिक लाभका निम्ति जस्तोसुकै निकृष्ट काम गर्न पनि पछि नपर्ने तथ्यको उद्घाटन गरिएको छ । इँटाभट्टामा काम गर्ने मजदुरहरूमध्ये कसैको निधन भएको खण्डमा तिनको मुद्दा गोप्य तवरले रफादफा गर्ने यथार्थ पक्षको यसरी प्रस्तुत गरिएको छ, "प्रत्येक वर्ष केही न केही कामदारहरू मरेकै हुन्थे । तिनका आफन्तलाई केही पैसा दिएर गुपचुपमै मिलाउने गरिन्थ्यो । यसमा कामदार ल्याइदिने ठेकेदारहरूले राम्रैसँग सघाउने गर्थे" (पृ. १८३) । प्रस्तुत साक्ष्यमा इँटाभट्टा मालिक शिवनाथको असामाजिक र अमानवीय कर्तुतलाई उदाङ्गो पारिएको छ । यस सन्दर्भमा शिवनाथको संवेदनहीनताको प्रस्तुतिका साथसाथै उसको धनबलको वर्चस्वशाली शक्तिसमेत इङ्गित भएको छ । मालिक शिवनाथले इँटाभट्टामा कार्यरत मजदुरको गरिब परिवारका सदस्यलाई केही रकम दिएर हिसाब मिलान गरेबाट मालिकको शक्तिशाली व्यवहार मुखरित भएको छ । यस साक्ष्यमा मालिक अभिजात वर्गको भएको र आर्थिक पक्षमा उसकै वर्चस्व भएकाले उसले अधिरचनामा पनि नियन्त्रण कायम गरी आफू अनुकूल काम गराउन समर्थ भएको पुष्टि हुन्छ । इँटाभट्टा मालिकको अधीनमा कार्यरत विपन्न वर्गीय ठेकेदारसमेत केही आर्थिक प्रलोभनमा परी उसकै हितमा काम गरेको तथ्यलाई यस साक्ष्यले उजागर गरेको छ । यस कथामा मधेसको श्रमजीवी वर्गको सामाजिक यथार्थ र समाजवादी यथार्थलाई प्रस्ट चित्रण गरिएको छ (जनकपुरी, २०८०, पृ. २१) । मजदुरहरू आर्थिक हिसाबले विपन्न वर्गको भएकाले तिनले आफ्ना मान्छेको निधन हुँदा पनि मालिकको विरोध गर्न नसकेका हुन् भन्ने तथ्य स्पष्ट छ । यस साक्ष्यमा इँटाभट्टा मालिक शिवनाथको वर्चस्वशाली विचारधारा अभिव्यञ्जित भएको छ ।

*पथेर* कथामा इँटाभट्टाका मालिक शिवनाथले मात्र आर्थिक निर्णय गर्न सक्ने विषयवस्तुको प्रस्तुति छ । शिवनाथ मालिक भएकाले ऊ बाहेक त्यहाँ काम गर्ने ठेकेदार र मुन्सी कसैले पनि आर्थिक विषयका बारेमा कुनै पनि निर्णय लिन नसक्ने सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ, "पैसाकी बात तो यहाँ सिर्फ शिवनाथ बाबु ही कर सकते है । बच्चा बिमार है तो डाक्टरकी जरुरत है ना ? पैसा ओ क्या जरुरत है ? और डाक्टर तो मै भि बोला सकता हुँ । मुन्सीले भन्यो" (पृ. १८६) । यस साक्ष्यमा आधार मानिने आर्थिक पक्षमा अभिजात वर्गको पात्र शिवनाथ मात्रले निर्णय लिन सक्ने तथ्यलाई उजागर गरिएको छ । प्रस्तुत कथामा शिवनाथलाई शासक वर्गीय पात्रका भूमिकामा उपस्थापन गरिएको छ । मार्क्सवादी विचारधाराको सिद्धान्तअनुसार निर्णय गर्न सक्ने क्षमता केवल शासक वर्ग मात्रले गर्न सक्ने तथ्यलाई प्रस्ट पार्दछ । आधार पक्षले आधेय पक्षलाई नियन्त्रण र सञ्चालन गर्दछ । इँटाभट्टाको इँटा उत्पादन कार्य र त्यहाँ कार्यरत

मजदुरहरूलाई ज्याला दिने काम उपरिसंरचनाअन्तर्गत पर्दछ (किरण, २०७७, पृ. ४२) । आधार पक्षमा पकड भएकोले त्यसले विचारधारासमेतलाई प्रभावित पारेको पुष्टि हुन्छ । आधार पक्षमा पकड जमाएको मालिक शिवनाथले नै पैसा लेनदेनको निर्णय गर्न सक्ने वास्तविकतालाई इङ्गित गर्दछ । शिवनाथबाहेक अन्य मुन्सी वा ठेकेदारले पैसा लेनदेनको निर्णय गर्ने अधिकार नपाएको तथ्यलाई यस साक्ष्यले प्रस्ट पारेको छ ।

*पथेर* कथामा प्रभुत्वशाली अभिजात वर्गको शिवनाथले आफ्नो इँटाभट्टा सञ्चालन गर्नका लागि तह तहमा कारिन्दा खटाएको विषयवस्तुलाई प्रस्तुत गरिएको छ । मालिक सोझै कामदारसँग कुराकानी नगरेर ठेकेदारमार्फत मजदुर मगाउने सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ, "इँटाको उत्पादन उत्कर्षतिर थियो । बर्सात सुरु हुन केही महिना मात्रै बाँकी थियो । सकुञ्जेल इँटा उत्पादन गर्ने लक्ष्य थियो । त्यसै अनुसार नौसादलाई राम्रो कमिसन दिएर पथेर र अरू कामदारहरू मगाएको थियो" (पृ. १९२) । यस साक्ष्यमा मालिक र ठेकेदार नौसादका बिचको प्रगाढ सम्बन्धलाई उजागर गरिएको छ । इँटाभट्टा मालिक शिवनाथका निम्ति बढीभन्दा बढी इँटा उत्पादन गर्नु नै मुख्य लक्ष्य रहेको छ । उक्त कार्यका लागि ठेकेदार नौसादले सहयोगी भूमिका निर्वाह गरेको स्पष्ट छ । उत्पादनका साधनमा नियन्त्रण गर्ने मालिक शिवनाथ शासक वर्गीय पात्रको भूमिकामा रहेको छ र ऊ आर्थिक रूपले सम्पन्न पनि भएकाले उसले आफ्नो विश्वासपात्र ठेकेदार नौसादलाई रुपियाँ दिएर कामदार मगाउन सफल भएको छ । यस सन्दर्भले आधार पक्षमा नियन्त्रण भएको मालिक शिवनाथको निर्णय प्रक्रिया अधिरचनासमेतमा पकड रहेको तथ्यलाई पुष्टि गर्दछ । यहाँनेर प्रभुत्वशाली विचारधारा मालिकको निर्णय प्रक्रियाका माध्यमबाट लागु भएको प्रस्ट छ । विचारधारा कहिले प्रस्ट रूपमा देखिने र कहिले प्रस्ट रूपमा नदेखिने तर मानिसका व्यवहारबाट लागु भइरहेको हुन्छ (आल्थुसर, २०७२, पृ. २६१) । यस सन्दर्भमा धनी वर्गको मालिक शिवनाथको व्यवहारबाट वर्चस्वशाली विचारधाराको सम्प्रेषण भएको स्पष्ट छ ।

## अधीनस्थ विचारधारा

*पथेर* कथामा श्रमजीवी मजदुरहरू अधीनस्थ भूमिकामा देखाइएका छन् । इँटाभट्टा मालिक शिवनाथको इँटाभट्टामा पकैया, पथेर, राविसम्यानका रूपमा काम गर्ने मजदुरहरू शासित वर्गअन्तर्गत पर्दछन् । विचारधाराको सैद्धान्तिक पर्याधारका आधारमा शासित वर्गको विचारधारा अप्रभुत्वशाली हुन्छ । यो वर्ग शासक वर्गको आदेशपालकका रूपमा काम गर्न बाध्य हुन्छ । प्रस्तुत कथामा श्रमजीवी वर्गका पात्र मुसहरहरूका जीवनशैलीलाई यसरी उपस्थापन गरिएको छ, "माटो मुछ्ने, बनेको काँचो इँटालाई सुकाउन मिल्ने गरी चाङ बनाएर राख्ने, सुकेको इँटालाई गोलमा बोकेर लग्ने र पाकिसकेको इँटा निकालेर एक ठाउँमा थुपार्ने सबै काम मुसहरहरूले गर्थे" (पृ. १६९) । यस साक्ष्यमा गोलबजारका स्थानीय मुसहरहरू गरिबी र अशिक्षाका कारण इँटाभट्टामा काम गर्न बाध्य भएको तथ्यमाथि प्रकाश पारिएको छ । तराई मधेसमा वर्गीय असमानताको अन्तराल ज्यादै डरलाग्दो अवस्थामा विद्यमान रहेको तथ्यलाई यस साक्ष्यले पुष्टि गर्दछ । सामाजिक विषमताका खाडल मधेसमा धेरै छन् । संरचनागत विभेद केलाउने हो भने पनि तराई मधेसमै धेरै छ (रायमाझी, २०७७, onlinekhabar.com/2021/04/94421) । कथित मधेसी दलित मुसहरहरू आर्थिक पछौटेपन र अज्ञानका कारण मालिकका इँटाभट्टामा श्रमिकका रूपमा काम गरेकाले तिनीहरू शासित वर्गमा पर्दछन् । प्रभुत्वशाली शासक वर्गको आज्ञामुताविक काम गर्ने शासित वर्गको विचारधारासमेत अप्रभुत्वशाली हुन्छ ।

*पथेर* कथामा विपन्न वर्गीय पात्र मजदुरका दयनीय अवस्थाको उपस्थापन गरिएको छ । शिवनाथ मालिकको इँटाभट्टामा काम गर्ने तिनीहरू काँचो इँटाका पर्खाल बनाएर कमजोर संरचनाको आश्रयमा बस्न बाध्य रहेका सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ, "काँचो इँटाको पर्खालमाथि छानो खरकै हुन्थ्यो । लगातार वर्षा हुँदा भत्कने सम्भावना

निकै हुन्थ्यो । त्यही भित्र ओछ्यान र कपडा थुपारेपछि उनीहरू काममा लाग्थे" (पृ. १७२) । प्रस्तुत साक्ष्यमा इँटाभट्टामा काम गर्ने मजदुरका आधारभूत आवश्यकतासमेत परिपूर्ति नहुने साह्रै अभावग्रस्त जीवनशैलीको प्रस्तुति छ । इँटाभट्टामा काँचो इँटाका अस्थायी टहरा बनाएर जेनतेन गुजारा गर्नुपर्ने बाध्यात्मक परिस्थितिले तिनका कष्टकर जीवनशैलीलाई इङ्गित गर्दछ । श्रमिक वर्गका पात्रहरू मालिकले लाएअह्राएको काम गर्ने अनि मालिकले दिएको आश्रयमा बस्ने सन्दर्भले तिनको अधीनस्थ अवस्थालाई जनाउँदछ । एउटै कोठामा खाने, बस्ने अनि सामानसमेत थुपार्नुपर्ने सन्दर्भले श्रमजीवी वर्गका पात्रको कहालीलाग्दो अवस्थालाई उजागर गर्दछ । सामाजिक संरचनामा उत्पादनका साधनसँग विचारधाराको अन्तर्सम्बन्ध कायम हुन्छ । प्रभुतासम्पन्न वर्गका मालिकहरूले आफ्ना इच्छा आकाङ्क्षाहरू शासित वर्गका मानिसहरू माथि थोपरिरहेका हुन्छन् (ग्रेवाल, २०६७, पृ. २४५) । यस साक्ष्यमा इँटाभट्टा मालिकले बढी लाभ आर्जन गर्नका लागि त्यहाँ कार्यरत श्रमिकहरूलाई आफ्नो विचारधारा लादेर अधीनस्थ बनाएको पुष्टि हुन्छ । मालिकले दिएको कमजोर छाप्रोमा बस्नुपर्ने बाध्यतामा अधीनस्थ विचारधाराको संवहन भएको देखिन्छ । मजदुरहरू शासित वर्गका भएकाले तिनको विचारधारा अधीनस्थ हुन्छ ।

*पथेर* कथामा निम्न वर्गीय पात्रका दयनीय अवस्थाको उपस्थापन गरिएको छ । प्रस्तुत कथामा गरिब वर्गका मजदुरहरू नाबालकै भए पनि बाँच्नका निम्ति काम गर्नुपर्ने तथ्यको उद्घाटन गरिएको छ । यस कथामा केटाकेटी अवस्थाका पात्रलाई यसरी चित्रण गरिएको छ, "एकातिर गोल नै भत्किएको थियो । राविसम्यानहरू च्यापिएका थिए । उनीहरू तीनजना थिए, बाह्रदेखि पन्ध्र वर्षभित्रका । अलिक दुब्ला र पातला । काम गर्न नयाँ आएकाहरू । उनीहरू दिनभरि इँटा बोक्न सक्ने शक्ति राख्दैनथे" (पृ. १८१) । यस साक्ष्यमा इँटाभट्टा मालिकले जथाभावी तरिकाले बनाएको इँटाभट्टाको गोल भत्किएर त्यहाँ कार्यरत राविसम्यानहरू घाइते भएका तथ्यलाई उजागर गरिएको छ । राविसम्यानको अर्थ हुन्छ, इँटाभट्टामा इँटा पोल्ने बेलामा धुलो पुर्ने मजदुर । ती राविसम्यानहरू शारीरिक रूपले अशक्त भए पनि आर्थिक अभावका कारण इँटाभट्टामा जोखिमपूर्ण श्रम गर्न बाध्य रहेका छन् । उमेरका हिसाबले पनि नाबालिक ती श्रमिकहरू कुपोषणको सिकार भएकाले दुब्ला र पातला भएको पुष्टि हुन्छ । प्रस्तुत साक्ष्यमा सीमान्तीकृत मधेसी समुदायका पात्रहरूको शोषण, दमन र उत्पीडनको जीवन्त प्रस्तुति छ । *पथेर*मा सीमान्तीकृत मधेसी समुदायमाथिको दलन र हृदयको जलनलाई मर्मस्पर्शी तवरले उद्घाटन गरिएको छ (लामा, २०७८, पृ. ख) । शासित वर्गका मानिस मालिकका अधीनमा लाएअह्राएका काम गर्न बाध्य हुन्छन् । शासित वर्गको विचारधारासमेत अधीनस्थ हुन्छ । यस साक्ष्यमा श्रमजीवी राविसम्यानका कामका आधारमा तिनका अप्रभुत्वशाली विचारधारा अभिव्यञ्जित भएको स्पष्ट छ ।

*पथेर* कथामा इँटाभट्टामा काम गर्ने श्रमिक वर्गका अति दयनीय अवस्थाको प्रस्तुति छ । त्यहाँ काम गर्ने विपन्न वर्गीय पात्र इँटाभट्टाका श्रमिकहरू साहुको इच्छानुसार काम गर्नुपर्ने तथ्यलाई कथाकार साहले यसरी अभिव्यक्ति दिएका छन्, "राति अबेरसम्म काम गर्नुपर्थ्यो । दिन छोटा हुन्थे र रात लामा । गोलमा इँटा पुऱ्याउन दिनमा मात्र काम गरेर पुग्दैनथ्यो । राति काम गर्दा कासिम पनि उनीहरूसँगै हुन्थ्यो । खुला आकासमुनि भेपरलाइटको उज्यालोमा ऊ बाहिरै रमाउँथ्यो" (पृ. १८६) । प्रस्तुत साक्ष्यमा इँटाभट्टामा कार्यरत पथेर, राविसम्यानजस्ता श्रमजीवीहरूले राति अबेरसम्म काम गर्नुपर्ने सन्दर्भले तिनका श्रमशोषणको अवस्थालाई इङ्गित गर्दछ । पुँजीपति वर्गले आर्थिक उपार्जनका लागि आफ्ना इँटाभट्टामा कार्यरत श्रमिकहरूलाई आफू खुसी काम लगाएको स्पष्ट छ । मालिकका निजी इँटाभट्टामा श्रमिक वर्गका मानिसका श्रमसम्बन्धी निश्चित नीतिनियमको अभाव भएकाले मजदुरहरू राति पनि काम गर्न बाध्य भएका हुन् । पथेरको काम गर्ने निजाम र उसकी पत्नी रुक्साना काममा व्यस्त भएकाले तिनको नाबालक छोरा कासिम खुला आकासमा खेल्ने छुट पाएको हो । यस प्रसङ्गमा सामाजिक संरचनामा तल्लो तहमा रहेका मानिसका कष्टकर जीवनशैलीको सटीक प्रस्तुति

छ । *पथेर*मा समाजमा तल्लो तहका मानिसले बाँचेको जीवन र त्यहाँको समाज, अर्थ, राजनीति र संस्कृतिको यथार्थ प्रस्तुति छ (श्रेष्ठ, २०७८, पृ. २) । निजाम, रुक्सानालगायतका सबै श्रमिकहरू शासित वर्गमा पर्ने भएकाले तिनीहरू मालिकका योजना र इच्छा विपरीत काम गर्न असमर्थ छन् अतः तिनको विचारधारा अधीनस्थ रहेको छ ।

## निष्कर्ष

*पथेर* कथामा अभिजात वर्गीय पात्रहरू विसनाथ र शिवनाथ शासक वर्गका रूपमा रहेका छन् । उत्पादनका साधनस्रोत र आधार पक्षमा तिनको पकड र नियन्त्रण रहेको छ । तिनले सिराहाको गोलबजारमा इँटाभट्टा सञ्चालन गरेर पर्याप्त पैसा कमाउनुका साथै सामाजिक र राजनीति क्षेत्रमा समेत वर्चस्व कायम रहेकाले तिनका विचारधारा प्रभुत्वशाली रहेका छन् । इँटाभट्टा सञ्चालक शिवनाथले आफ्ना इँटाभट्टामा काम गर्ने पथेर, राविसम्यानहरूको श्रमशोषण र आर्थिक शोषण गरेको विषयवस्तुको मार्मिक प्रस्तुति छ । गोलमा च्यापिएर घाइते र पछि मृत्यु भएका राविसम्यानका लासलाई मुन्सीको सहायताले पैसाकै बलमा गुपचुप मिलान गरेको प्रभुत्वशाली व्यवहारलाई कथाकार साहले यथार्थपरक किसिमबाट प्रस्तुत गरेका छन् । वर्गीय सामाजिक संरचनामा आधार पक्षमा नियन्त्रण भएको अभिजात वर्गले आफ्ना मातहतका ठेकेदार र मुन्सी अनि पथेर, राविसम्यानमाथि शासन जमाएकाले तिनका क्रियाकलाप तथा संवादमा प्रभुत्वशाली विचारधारा अभिव्यञ्जित भएको छ । सुरुसुरुमा शिवनाथको इँटाभट्टामा मजदुरी काम गर्ने स्थानीय मुसहर समुदायका श्रमिकहरू कम ज्याला पाएका कारण तिनले पेसा परिवर्तन गरेर इँटाभट्टामा काम गर्न छाडेका विषयवस्तुको वस्तुपरक चित्रण गरिएको छ । भारतको युपी र विहारबाट आएका श्रमिकहरूको श्रमशोषण र आर्थिक शोषण गर्दा पनि प्रतिरोध गर्न नसक्नुमा तिनका शासित मनोविज्ञानले काम गरेको प्रस्ट छ । शक्तिसम्बन्धका हिसाबले श्रमिक वर्ग अप्रभुत्वशाली भएकाले तिनीहरू आफ्ना इँटाभट्टा मालिकका विरुद्धमा आवाज बुलन्द गर्न असमर्थ भएका हुन् । निजाम र रुक्सानाका छोरा कासिमको औषधि उपचारको अभावमा मृत्यु हुँदासमेत सशक्त प्रतिरोध गर्न नसक्नुमा श्रमजीवी वर्गको शासित विचारधाराले काम गरेको देखिन्छ । श्रमजीवी वर्ग शासित भएकाले तिनका विचारधारा अप्रभुत्वशाली रहेको छ र यस्तो अवस्थाले अधीनस्थ विचारधारालाई संवहन गरेको छ । मार्क्सवादी विचारधाराका दृष्टिकोणबाट *पथेर* कथा सशक्त रहेको छ । मार्क्सवादी दृष्टिकोणमा आर्थिक पक्ष आधारले विचारधारा अधिरचनाको निर्माण गर्छ । वस्तुतः यस कथामा शासक वर्गीय विचारधारा वर्चस्वशाली र शासित वर्गीय विचारधारा अधीनस्थ रहेको पुष्टि भएको छ ।

## सन्दर्भ सामग्रीसूची

आल्थुसर, लुइस (२०७२). विचारधारा र राज्यका विचारधाराका अङ्गहरू, (अनु.) हेमलाल पाण्डे, *मार्क्सवादी साहित्य सिद्धान्तका प्रतिनिधिमूलक विचारहरू.* कृष्णचन्द्र शर्मा (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान (पृ.२६१–२८४) ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान (पृ.२१४) ।

किरण (२०७७). विचारधारात्मक अन्तर्वस्तु र मार्क्सवादी समालोचना, *मार्क्सवादी समालोचना.* काठमाडौँ : शमी साहित्य प्रतिष्ठान (पृ. ४१–७०) ।

ग्रेवाल, ओमप्रकाश (२०६७). विचारधारा र साहित्यको अन्तर्सम्बन्ध, *मार्क्सवादी साहित्यचिन्तन.* (निनु चापागाईं (सम्पा.), ललितपुर : साझा प्रकाशन (पृ. २३८–२५५) ।

जनकपुरी, रोशन (२०८०). *नेपाली कथा साहित्यमा मधेश : संक्षिप्त अवलोकन,* (अप्रकाशित गोष्ठीपत्र, इच्छुक प्रतिष्ठान, काठमाडौँद्वारा सिराहाको लहानमा आयोजित 'साहित्यमा मधेश र मधेशमा साहित्य' मिति चैत २४ र २५ गते) ।

ढकाल, रजनी (२०७७). *समकालीन नेपाली कथामा वैचारिकता.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, धनेश्वर (२०७९). *'पथेर' कथासङ्ग्रहको समाजशास्त्र.* (अप्रकाशित अनुसन्धान पत्र त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन) ।

रायमाझी, निर्भीकजंग (२०७७). मधेशी जीवन बाँचेको छु, यहीँको कथा लेख्छु, onlinekhabar.com/2021/04/94421 (साहित्य वार्ता) ।

लामा, कुमारी (२०७८). मधेस : मर्म, *कान्तिपुर राष्ट्रिय दैनिक.* भदौ २६ गते, कोसेली 'ख' ।

साह, श्याम (२०८०). *पथेर.* काठमाडौँ : फाइन प्रिन्ट प्रा. लि. ।

श्रेष्ठ, विमलबाबु (२०७८). मधेश बुझ्न पढ्नु पर्ने पुस्तक, *नयाँ पत्रिका.* मंसिर १३ गते, पृ. १–५ ।

Bottomore, T. & Others (1983/2001). *A Dictionary of Marxist Thought*.2nd edn, Blackwell (p. 247—252) .

Boyle, P. (2019). *Introduction to Marxism Resistance Books*. resistancebooks.com .

Childs, P. & Roger F. (1987/2006). *The Routledge Dictionary of Literary Terms.* London & Newyork : Routledge Taylor & Francis Group.

Harrison, K. and Boyd, T. (2018). The role of ideology in politics and society. https://www.manchesterhive.com>display>978152613.

Marx, k. and Engels, F. (1998). *THE GERMAN IDEOLOGY*. U.S.A. : Prometheus Books.

Marx & Engels (2000). *Idealism and Materialism Karl Marx The German Ideology.* https://www.marxists.ogr/archieve/Marx/works/1845—gi/preface.htm.

Piyakulchaidech, W. (2021). *The Concept of ideology in Marx, Engels and Lenin.* Thesis for the degree of Doctor of philosophy. Flinders University Australia.